# चौविसे गाउँपालिका

धनकुटा

# चौविसे राजपत्र

खण्ड-७, संख्या-५, मिति : २०८०-०८-१४

भाग-२

## चौविसे गाउँपालिकाको
## भकारो सुधार/काउम्याट खरिद कार्यक्रम ५० प्रतिशत अनुदान कार्यविधि २०८०

चौविसे गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०७७ को दफा ३६ ले दिएको अधिकार बमोजिम चौविसे गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद –१

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम भकारो सुधार/काउम्याट खरिद कार्यक्रम ५० प्रतिशत अनुदान कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) गाउँपालिका भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) गाउँकार्यपालिका भन्नाले चौविसे गाउँपालिका लाई सम्झनु पर्दछ ।

ग) वडा समिति भन्नाले चौविसे गाउँपालिकामा गठित वडा समितिहरु सम्झन पर्दछ ।

घ) पशु विकाश शाखा भन्नाले चौविसे गाउँपालिका पशु विकाश शाखा सम्झनु पर्दछ ।

ङ) मन्त्रालय भन्नाले संघिय तथा प्रदेश कृषि हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

च) अनुदान भन्नाले भकारो सुधार/काउम्याट खरिद कार्यक्रम ५० प्रतिशत अनुदान रकम सम्झनु पर्दछ ।

छ) कृषक भन्नाले चौविसे गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशुपालन गरि वस्ने कृषकलाई सम्झनु पर्दछ।

## परिच्छेद –२
## कार्यक्रमको उद्देश्य तथा बिशेषता र उपलिब्धीहरु

३ उद्देश्य

- गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक उत्पादनलाई जोड दिने ।
- रासायनियक मलको प्रयोग कम गरि कृषि उत्पादन लागत घटाउने ।
- दिगो कृषि विकास गरि खाद्य सुरक्षामा योगदान पुर्याउने ।
- कम्पोष्ट मल तयार गरि वातावण स्वस्थ्य राख्ने ।
- स्वच्छ दुध उत्पादन गर्न ।
- दिगो रुपमा माटोको उर्वराशक्ती कायम राख्ने ।

## परिच्छेद –३
## अनुदान सञ्चालन प्रकृया

४. कार्यक्रम संञ्चालन प्रकृयाः

१) पालिकाको गाई/भैसीपालन सम्भावित क्षेत्रलाई आधार मानी कार्यक्रम संञ्चालन गरिने छ ।

२) गाई/भैसीपालन गरिरहेका किसानहरुलाई / नयाँ इच्छुक कृषकहरुलाई पहिचान गरी दिइने छ ।

३) गाई/भैसीपालन गरिररहेका किसानहरुलाई अनुदान दिइनेछ ।

४) भकारो सुधारको लागी बढिमा रु प्राविधिक इस्टिमेट अनुसार रु ५०००। पाँच हजार मात्र अनुदान रकम दिइनेछ भने काउम्याट खरिद बढिमा रु ५००० छ हजार मात्र अनुदान रकम उपलब्ध गराइनेछ ।

५) पालिका बाट अनुदान लिई उत्त कार्य गर्ने चाहाने किसानहरुको लागी पालिकाले १५ दिनको म्याद दिई अनुसुची-१ बमोजिम सुचना प्रकाशन गर्नेछ ।

६) कार्यक्रम सञ्चालनका लागी समुह/ सहकारीहरुको ब्यक्तिगत फर्म तथा अन्य पशुपालन कृषकहरुले अनुसुची -२ बमोजिम निवेदन दिन सक्नेछन ।

७) सम्झौता अनुसुची-३ बमोजिम हुनेछ ।

८) उक्त कार्यक्रम समावेश हुनको लागी सोही प्रकृतीको अनुदान स्थानिय सरकार प्रदेश सरकार संघीय सरकार बाट नलिएको हुनुपर्नेछ ।

९) यस भन्दा अघि उन्नत जातका गाईपालन गरि अनुदान लिईएको ब्यक्ती लाई भकारो सुधार/काउम्याटमा पहिलो प्रथमिकता दिईनेछ ।

१०) काउम्याट खरिद निवेदन माग भई अएका हरुलाई पालिकाले एकमुष्ट खरिद गरि वितरण गर्नेछ ।

११) फिल्ड भेरिफिकेशन पश्चात अंकभार को आधारमा प्राथमिकता दिईनेछ ।

## परिच्छेद -४

५. कृषक छनोटको आधारः

(क) उन्नत जातको गाई भैसी सहित २ माउ दुधालु पशुपालन गरेको कृषकलाई पहिलो प्रथमिकता हुनुपर्ने।

(ख) गाई/भैसीपालन गर्न इच्छुक कृषक साथै आवश्यक घाँस लगाएको हुनुपर्ने ।

(ग) वैदेशिक रोजगारबाट फर्किएका तथा स्वदेशमा ब्यवसाय गर्ने चाहाने ।

(घ) दुग्ध ब्यवसायलाई निरन्तरता दिन सक्ने ।

(ङ) चौविसे गाउँपालिका क्षेत्रभित्र स्थायी बसोवास गरेको खुल्ने कागजात हुनुपर्ने

कृषक छनोटको अंकभार

| क्र. सं. | विवरण | प्रतिमाउ दुधालु पशुपालन वापत (१०) | प्रतिरोपनी घाँस लगाएको क्षेत्रफल (१०) | बैदेशिक रोजगारबाट फर्की उक्त ब्यवसायमा गरेवापत (१०) | दुग्ध ब्यवसायलाई निरन्तरता दिन सक्ने (१०) | तालिम/ अनुभव (१०) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## परिच्छेद- ५

६. अनुदानका लागी छनोट भएका किसानले देहायका मापदण्ड अनिवार्य रुपमा पुरा गरी भकारो सुधार/काउम्याट खरिद गर्नुपर्नेछ ।

१) भकारो सुधार कार्यक्रम सञ्चालन गर्दा प्रति भकारोको लम्बाई ५ मिटर चौडाई २.५ मिटर हुनुपर्नेछ (बस्ने ठाउको लागी) र दानापानी राख्ने डुडको चौडाई ५० से.मि लम्वाई आवश्यकता बमोजिम उचाई डुडको सतहदेखि ३० से.मि (डुडको गहिराई १० से.मि) बनाउनु पर्नेछ । गहुँत सकलन ट्याङ्की गहुँत नचुहिने गरि पक्की गरिनुपर्ने गहुँत सकलक ट्याङ्कीको ब्यवस्था हुनुपर्ने र ट्याङ्कीको साइज (०.५ × ०.५ × ०.७५) घन मिटरको हुनुपर्नेछ/ प्राविधिक इस्टिमेट अनुसार भकारो सुधार बनाउन सकिनेछ अर्थात मलखाद फ्याक्ने खाडललाई घामपानी बाट जोगाउनको ब्यवस्था गरिनुपर्ने कुराहरुलाई आधार मानिनेछ र प्राविधिकले बनाएको लागत इस्टमेट मा उल्लेख भएको नक्सा बमोजिम निर्माण गर्नुपर्नेछ।

२) काउम्याट खरिदको हकमा प्रचलित कानुनको अधिनमा रहि खरिद गरि वितरण गर्ने सक्नेछ ।

७. अनुदान दिइने रकमको ब्यवस्थाः उक्त कार्य सम्पन्न पश्चात विल भर्पाइ वडा कार्यालयको सिफारिस पत्र वडा अनुगमन समितिको सिफारिस योजना अनुगमन समितीको सयोजकको सिफारिस पत्र प्राविधक इस्टमेट र कार्य सम्पन्न प्रतिवेदन सहित ५ प्रति रगिन फोटो र निवेदन पेश गर्नुपर्नेछ ।

## अनुसुची-१
## प्रस्ताव आब्हानको सुचना

प्रथम पटक प्रकाशित मिति.

चौविसे गाउँपालिका पशु विकाश शाखाको आ.व ...........बार्षिक स्वीकृत कार्यक्रम अनुसार भकारो सुधार/काउम्याट खरिद कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रम अनुसार निजि फर्म/ समुह/सहकारी इच्छुक कृषकहरुले यो सुचना प्रकाश भएको मितिले १५ औ दिन सम्म सम्बन्धित शाखामा प्रस्ताव दर्ता गर्नुहुने आब्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रम | संख्या | कुल अनुदान ५० प्रतिशत सहकार्य रु | वडा न | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

प्रस्ताव पत्रमाका साथ सम्मिलित हुनुपर्ने कागजातः
१) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
२) चौविसे गाउँपालिका क्षेत्रमा स्थायी बसोवास खुल्ने कागजात ।
३) दर्ता प्रमाण पत्रको प्रतिलिपी (फर्म र सहकारी संस्था दर्ताको हकमा)
४) जग्गा धनीपुर्जाको प्रतिलिपी वा लिजमा लिएको भए करारनामा सम्झौता पत्र ।
५) व्यवसायिक कार्य योजना ।
६) अनुसुची-२ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।
७) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९) सोही प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र ।
७) रंगिन फोटो ३ प्रति ।
८) आवश्यक परेको खण्डमा अन्यकागजातहरु माग गर्न सकिनेछ ।

## अनुसुची-२
## निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय
अधिकृत ज्यु
चौविसे गाउँपालिका
राजारानी धनकुटा

बिषयः भकारो सुधार/काउम्याट खरिद ५० प्रतिशत
अनुदान रकम उपलब्ध गरि पाउँ ।

महोदय

चौविसे गाउँपालिका पशु विकाश शाखाको आ.व.......... मा सञ्चालित कार्यक्रममा म उक्त भकारो सुधार/काउम्याट खरिद ५० प्रतिशत अनुदान कार्यक्रम गर्न इच्छुक भएकोले मलाई उक्त कार्यक्रम सहभागी गराईदिन हुन यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातहरुः

१.
२.
३.
४.
५.
६.
७.
८.

निवेदक
सहि
नाम थर
ठेगाना
गाउँ/टोल
सम्पर्क नं.

## अनुसुची-३

चौविसे गाउँपालिका आ.व .............. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत भकारो सुधार/काउम्याट खरिद ५० प्रतिशत अनुदान कार्यक्रम अनुसार चौविसे गाउँपालिका (यस पछी प्रथम पक्ष भनिने) र श्री ........................................ (यस पछी दोस्रो पक्ष भनिने) का विच तपशिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम सँचालन गर्ने यो दृघिपक्षिय सम्झैता गरिदियौ लियौ ।

इति सम्वत ..............साल............महिना.............गते............रोज शुभम् ।

तपशिलः

१) उल्लेखित योजना सम्झैताबाट मिति ............. मा गरि सक्नु पर्नेछ ।

२) अनुदान सम्बन्धि कार्यक्रम जुन उदेश्यका लागी मात्र प्रयोग हुनेछ । अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।

३) प्रथम पंक्षले भकारो सुधार/काउम्याट खरिद ५० प्रतिशत अनुदान कार्यक्रम सँचालनको लागी दोस्रो पक्षले पेश गरे अनुसार प्राविधिक इस्टमेट अनुसार बनाउनु पर्नेछ ।

४) दोस्रो पक्षले पशु विमा अनिवार्य रुपमा गराउनु पर्नछ ।

५) दोस्रोपक्षले कार्यक्रम सँचालन गर्दा प्राविधिकको निर्देशन प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

६) गाई/भैसीबाट प्राप्त दुध बिक्रीको जानकारी प्रत्येक चौमासिक रुपमा प्रगती पालिकामा अनिवार्य बुझाउनु पर्नेछ ।

७) सम्झैता बमोजिम कार्यक्रम सम्पन्न भएपछी अन्तिम किस्ताको भुक्तानीको कार्यविधी बमोजिम दिइनेछ ।

८) कार्यक्रम कार्यान्यिनमा आवश्यकता अनुसार अनुगमन निरिक्षण पशु विकाश शाखाको हुनेछ ।

९) यस सम्झैता पत्रमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । साथै उल्लेखित शर्तहरुको ब्याख्या गर्ने सम्पुर्ण अधिकार पालिकामा निहित रहने छ । यस्तो ब्यख्या तथा निर्णय अन्तिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर............... | हस्ताक्षर............... |
| नामः.................... | नामः.................... |
| पदः प्र.प्र.अ | ठेगाना |
| मिति | मिति |
| कार्यलयको छापः | सम्पर्क नं. |

रोहवर
नामः
पदः

प्रमाणीकरण मिति : २०८०/०८/१४

आज्ञाले
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत
चौविसे गाउँपालिका

सर्वाधिकार : चौविसे गाउंपालिका, धनकुटा
मुद्रित संख्या : १० प्रति